नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मिति:- २०७६/०१/१२

पत्र संख्याः२०७५/७६
चलानी नं. : ६१५

विषय:-मेलमिलापकर्ताहरुको दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागिता सम्बन्धमा ।

श्री इटहरी उपमहानगरपालिका ।
श्री उर्लाबारी, बर्दिबास, हरिवन, बुढानीलकण्ठ, पनौती, शुक्लगण्डकी, अत्तरिया नगरपालिका ।

मेलमिलाप परिषद्को च.नं. ३२६, मिति २०७६/०१/०३ को मेलमिलापकर्ताहरुको दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागी मनोनयन गरी पठाईदिन अनुरोध भई आएकोले तहाँको उप प्रमुख/उपाध्यक्षलाई सहभागी हुन पठाउने भनी निर्णय भएकोले उक्त कार्यक्रममा सहभागिताका लागि निर्णयानुसार अनुरोध छ ।

(**पुनश्चः-** कार्यक्रम सम्बन्धी अन्य जानकारी मेलमिलाप परिषद्बाट प्राप्त यसैसाथ संलग्न पत्रबाटै अवगत गर्नुहुन अनुरोध छ ।

**बोधार्थः-**
श्री मेलमिलाप परिषद्, रामशाहपथ, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनुहुन ।

.................................
जनकराज शर्मा
शाखा अधिकृत

"हाम्रो समस्या, हामै समाधान : मेलमिलाप"

# मेलमिलाप परिषद
# (Mediation Council)

सर्वोच्च अदालत परिस
रामशाहपथ, काठमाडौं, नेपा
☎ ०१-४२००७११, ०१-४२००७
e-mail : mediationcouncil@gmail.co
website : www.mediationcouncil.gov.

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ३२६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नम्बर:- ९२६८
९।७

२०७६।०१।०३

विषयः सहभागी मनोनयन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

उपरोक्त विषयमा विवाद समाधानको एक भरपर्दो र आशलाग्दो विधिको रुपमा मेलमिलापको अवधारणा विकसित भईरहेको सन्दर्भमा मेलमिलाप कार्यसँग सम्वद्ध संस्था तथा व्यक्तिहरुको वृहद् प्रतिनिधित्व गराई सहयोग, समन्वय र सहकार्यको वातावरण निर्माण गरी मेलमिलापको प्रक्रियालाई थप प्रभावकारी बनाउने उद्देश्यले देहायको मिति, समय र स्थानमा मेलमिलापकर्ताहरुको दोस्रो राष्ट्रिय सम्मेलन आयोजना हुने भएकोले उक्त सम्मेलनमा सहभागी हुनका लागि स्थानीय न्यायिक समितिका अध्यक्षहरुमध्येबाट प्रत्येक प्रदेशबाट तीन (३) जनाका दरले जम्मा २१ जना सहभागीहरु मनोनयन गरी (सम्पर्क नम्बर सहितको नामावली) सात दिनभित्र परिषद्को सचिवालयमा उपलब्ध गराईदिनु हुन अनुरोध छ।

मितिः २०७६ साल बैशाख १६ र १७ गते।
समयः बिहान ८:०० बजे ।
स्थानः होटल हिमालय, कुपन्डोल, ललितपुर।

सम्पर्क व्यक्तिः श्री विकाश कुमार रजक, शाखा अधिकृत, मेलमिलाप परिषद्, मोबाइल नं. ९८४९२८०४०५
कार्यालयः ०१-४२००७१४, ०१-४२००७११

(पुनश्चः उपत्यका बाहिरबाट सम्मेलनमा सहभागी हुने प्रतिनिधिलाई स्थलगत मार्गबाट यात्रा गरे बापतको भ्रमण भत्ता मात्र उपलब्ध गराईने र आवासीय कार्यक्रम नभएको हुँदा बसोबासको प्रबन्ध सहभागी स्वयंले गर्नु पर्नेछ।)

श्रीलाल पौडेल
सचिवालय प्रमुख